८६-८१
website मा
राखिदिने व्यवस्था
हुन
२०७७/५/६


प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

फोन नं.: ०८१५६०४४२
Email: abpstckhajura@gmail.com
Website: abpstc.p5.gov.np


पत्र संख्या: २०७७/०७८ (कृ.व्य.प्र.रा.शा.)
च.न.:

प्रथम पटक प्रकाशित मिति: २०७७/०५/०८

## मागमा आधारीत कृषि बजार पूर्वाधार निर्माण तथा संचालन अनुदान सम्बन्धि सूचना !!!

यस केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मागमा आधारीत कृषि उपज बजार पूर्वाधार साझेदारीमा निर्माण तथा संचालन गर्नका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा प्रदेश नं. ५ का इच्छुक कृषक समूह/कृषि सहकारी/नीजि फर्म वा कम्पनी/बजार बिकास समितिबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालय, सम्बन्धित कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तपसिल अनुसारका आवश्यक कागजातहरु संलग्न गरी सिलबन्दी प्रस्तावना आव्हान गरिएको छ । यस सम्बन्धि कार्यविधि तथा अनुसूचीको लागि यस कार्यालयको वेबसाइट abpstc.p5.gov.np र थप जानकारीको लागि कार्यालयको टेलिफोन वा टोल फ्रि नं. १६६०८१५२०९९ मा सम्पर्क गर्न हुन अनुरोध छ | साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही अगाडी बढाइने छैन ।

आवश्यक कागजात

१. सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भई सकेको सम्बन्धित संस्था दर्ता/नवीकरणको प्रमाण पत्रको प्रतिलिपि
२. सम्बन्धित स्थानीय तह, कृषक समुह, कृषि सहकारी, उपभोक्ता समुह वा संस्थाको सूचना अवधि भित्र कृषि उपज बजार पूर्वाधार निर्माणमा साझेदारी प्रतिवद्धता सहित संचालन गर्न संस्थागत निर्णयको प्रतिलिपि
३. अनुसूची-३ बमोजिमको निवेदन र अनुसूची-४ अनुसारको प्रस्ताव
४. सम्बन्धित कृषि ज्ञान केन्द्र र स्थानीय तहको सिफारिस पत्र
५. सहकारी र निजि संस्थाको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र र भ्याट/प्यान दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. आवेदक संस्थाको तर्फबाट सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णयको प्रतिलिपि
७. जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा २० बर्षको जग्गाको करारनामा पत्र सहित लालपुर्जाको प्रतिलिपी । सरकारी जग्गा प्राप्त गर्ने भएमा जग्गा प्रदान गर्ने निकायको जग्गा उपलब्ध गराएको पत्र
८. निर्माण गर्ने बजार पूर्वाधारको ईन्जिनियरिङ डिजाईन तथा लागत अनुमान
९. प्रतिवद्धता पत्र

| क्र.स. | क्रियाकलाप | अनुदान सहयोग | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | थोक बजार निर्माण | लागतको ५०-६० प्रतिशत वा अधिकतम रु. १ करोड मध्य कम हुन आउने रकम | सहकारी/समितिको हकमा बढीमा ६०% र निजि/कम्पनिको हकमा बढीमा ५०% सम्म अनुदान रकम उपलब्ध गराइने छ |
| २ | नयाँ हाटबजार निर्माण तथा पुरानो हाटबजार सुदृढिकरण | लागतको ५०-६० प्रतिशत वा अधिकतम रु. २० लाख मध्य कम हुन आउने रकम | |
| ३ | संकलन केन्द्र निर्माण | लागतको ५०-६० प्रतिशत वा अधिकतम रु. २० लाख मध्य कम हुन आउने रकम | |

अमरराज शर्मा घिमिरे
निमित्त कार्यालय प्रमुख

दर्ता नं. ६३५
मिति २०७७।५।९